# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, जेठ ४ गते २०४४ साल (संख्या ५

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी पोखरामा निर्माण भैरहेको सभागृहको निमित्त सभागृह निर्माण समितिको नाउँमा चाइना इण्टरनेशनल वाटर एण्ड इलेक्ट्रिक कर्पोरेशनले सहयोगस्वरूप प्रदान गर्ने यू.एस. डलर ५३१४१।६५मूल्य बराबरको कुर्चीहरू र बिजुलीका सामानहरूको पैठारीमा लाग्ने भन्सार महसुल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ।

#### सूचना २

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् मार्फत मित्रराष्ट्र पाकिस्तानको बी.सी.सी.आई. संस्थाको वित्तीय सहयोग अन्तर्गत भरतपुरमा स्थापना हुन लागेको आँखा अस्पतालको लागि हेटौंडा सिमेण्ट उद्योग लि. बाट १०,००० (दश हजार) बोरा सिमेण्ट र हिमाल आइरन एण्ड स्टिल प्रा. लि. बाट ३५ (पैंतीस) टन स्टिल आइरनमा लाग्ने बिक्रीकर पूर्णरूपमा छुट दिइएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।